आज मिति २०७५।०६।१५ मा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको बैठक देहाय बमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| समितिका पदाधिकारी | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | नाम, थर | पद | कार्यालय | सम्पर्क नं. | हस्ताक्षर |
| १ | श्री अग्नि प्रसाद खरेल | अध्यक्ष | महान्यायाधिवक्ताको कार्यालय | | [signature] |
| २ | श्री राजिव गौतम | सदस्य | सचिव,कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | | [signature] |
| ३ | श्री प्रेमकुमार राई | सदस्य | सचिव, गृह मन्त्रालय | ९८५१११०७५९ | [signature] |
| ४ | श्री सर्वेन्द्र खनाल | सदस्य | प्रहरी महानिरिक्षक प्रहरी प्रधान कार्यालय | | |
| ५ | श्री खगराज पौडेल | सदस्य-सचिव | नायब, महान्यायाधिवकता, महान्यायावक्ताको कार्यालय | | [signature] |

| आमन्त्रित | | | | |
|---|---|---|---|---|
| १ | श्री राजन प्रसाद भट्टराई | मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत | ९८५११९४०११ | [signature] |
| २ | डा. पुष्पा चौधरी | सचिव, स्वास्थ्य मन्त्रालय | | |
| ३ | श्री किरण पौडेल | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | | [signature] |
| ४ | श्री पद्मप्रसाद पाण्डेय | का.मु. नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | | [signature] |
| ५ | श्री नारायणप्रसाद पौडेल | सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | | [signature] |
| ६ | श्री श्यामकुमार भट्टराई | सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | ९८४१-२२२६४० | [signature] |
| ७ | श्री गीताप्रसाद तिम्सिना | सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | ९८४१००८०३८ | [signature] |
| ८ | श्री ज्ञानप्रसाद भुसाल | उपन्यायाधिवक्ता, महान्यायाधिवक्तको कार्यालय | | |
| ९ | रामकृष्ण सुवेदी | गृह मन्त्रालय | 9851140003 | [signature] |
| १० | पुष्कर कार्की (DIGP) | प्रहरी प्रधानकार्यालय / CID | 9851114262 | [signature] |
| ११ | मधुसुदन बुर्लाकोटी | सहसचिव स्वास्थ्य मन्त्रालय | ९८५१२५३१२८ | [signature] |
| १२ | प्र.व.उ. ध्रुव प्र. उपाध्याय | नेपाल प्रहरी | ९८५११३६५११ | [signature] |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

प्रस्ताव र निर्णयहरु :

(१) **जबरजस्ती करणीको अपराधमा प्राप्त अस्पतालको परीक्षण प्रतिवेदन सम्बन्धमा :**

नाम परिवर्तित खजुरी १ लाई जिल्ला धनुषा जनकनन्दनी गा.पा. वडा नं. २ बस्ने करण मण्डलले जबरजस्ती करणी गरेको जाहेरी दरखास्त इलाका प्रहरी कार्यालय, खजुरीमा दर्ता भई अनुसन्धान हुँदा जनकपुर अंचल अस्पताल र जिल्ला अस्पताल सिराहाबाट प्राप्त भएको स्वास्थ्य परीक्षण प्रतिवेदन फरक परेको, जनकपुर अञ्चल अस्पतालका डाक्टरहरुले अनुसन्धान कार्यलाई प्रभावित हुने गरी रिपोर्ट दिएको भनी जिल्ला प्रहरी कार्यालय धनुषाले महान्यायाधिवक्ताको कार्यालयमा पठाएको पत्र पेश हुन आएको सम्बन्धमा यस समितिको ध्यानाकर्षण भयो । पीडितको शारीरिक परीक्षण गर्दा जनकपुर अञ्चल अस्पतालबाट Vulva, Vagina, Hymen Normal, Bruise abt 2.5 c.m.x 0.5 c.m., Scratch mark abt 2.5 com x o.25 c.m. लेखिएको परीक्षण प्रतिवेदन प्राप्त भएको र निजै पीडितको पुन: जिल्ला अस्पताल सिराहामा परीक्षण हुँदा गालामा Bite Mark, Hymen Ruptured, Vagina congestion भन्ने लेखिएको देखिन्छ । पीडितको उचाई र तौल समेत दुई वटा प्रतिवेदनमा फरक फरक उल्लेख छ । यसरी परीक्षण प्रतिवेदन व्यहोरा फरक फरक प्राप्त हुन आएको, समयमा उपलब्ध नगराएको र पूर्ण तथा विश्वसंनीय परीक्षण प्रतिवेदन नभएको कारण अपराध अनुसन्धानको कार्य प्रभावित भई पीडितले कानून बमोजिमको न्याय पाउन नसक्ने अवस्था सृजना हुन सक्ने हुँदा प्रस्तुत मुद्दामा भएको स्वास्थ्य परीक्षण प्रतिवेदनका सम्बन्धमा छानविन गरी वास्तविकता पत्ता लगाई गलत प्रतिवेदन दिने डाक्टरहरुलाई आवश्यक कारवाहीका लागि संलग्न कागजातहरुको प्रतिलिपि साथै राखी नेपाल मेडिकल काउन्सिलमा लेखी पठाउने ।

(२) **घाउ जाँच केश फाराम, शारीरिक परीक्षण प्रतिवेदन तथा शव परक्षण प्रतिवेदन समेतका परीक्षण प्रतिवेदन सम्बन्धमा :**

मुद्दामा पीडितको घाउ जाँच प्रतिवेदन, शारीरिक परीक्षण प्रतिवेदन तथा शव परीक्षण प्रतिवेदन प्रमाणयोग्य हुने हुँदा ती प्रतिवेदन यथासमयमा प्राप्त भएमा मात्र अनुसन्धान प्रभावकारी हुन्छ । मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २२ को उपदफा ४ मा परीक्षण प्रतिवेदन ३ दिन भित्रै अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्ने भन्ने कानूनी व्यवस्था भएको सन्दर्भमा जनकपुर अञ्चल अस्पतालबाट परीक्षण प्रतिवेदन समयमै उपलब्ध नगराएको कारण अपराध अनुसन्धान कार्य प्रभावित भएको हुँदा जनकपुर अञ्चल अस्पताल लगायत नेपाल भरका अस्पतालहरुबाट भएका घाउ जाँच केश फाराम, शारीरिक जाँच प्रतिवेदन, शव परीक्षण प्रतिवेदन लगायतका स्वास्थ्य परीक्षणसँग सम्बन्धित प्रतिवेदन तुरुन्त अनुसन्धान अधिकारीलाई उपलब्ध गराउन सम्पूर्ण अस्पतालहरुलाई निर्देशन दिन स्वास्थ्य मन्त्रालयलाई लेखी पठाउने ।

(३) **म्याद सूचना प्रकाशन खर्च सम्बन्धमा :**

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ६२ ले कुनै समाह्वान दफा ६१ बमोजिम तामेल गर्न नसकिएकोमा अदालतले त्यस्तो समाह्वानको व्यहोरा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय संचार माध्यमबाट प्रसारण

गरी तामेल गर्न सक्ने भन्ने व्यवस्था गरेको छ । यस्तै, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २८ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा म्याद सूचना प्रकाशन गर्नु पर्दा त्यसरी म्याद सूचना प्रकाशित भएको रकम वादी पक्षबाट व्यहोर्नु पर्ने भन्ने उल्लेख भएको छ । त्यस्ता म्याद सूचना सम्बन्धित अदालतबाट प्रकाशन गर्नु पर्ने हुँदा सो वापत लाग्ने खर्च श्री सर्वोच्च अदालत मार्फत सम्बन्धित अदालतहरुलाई बजेट उपलब्ध गराउने व्यवस्था हुन नेपाल सरकार अर्थ मन्त्रालयमा लेखी पठाउने र यो निर्णयको जानकारी श्री सर्वोच्च अदालतलाई समेत उपलब्ध गराउने ।

४) **लगातार सुनुवाई सम्बन्धमा :**

गंभिर र संवेदनशील मुद्दामा लगातार सुनुवाई हुन नसकेमा मुद्दाका पीडितले न्यायको महशुस गर्न सक्ने अवस्था रहदैंन । यसै विषयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ को घोषणापत्रको बुंदा नं. २३ ले समेत उल्लेख गरेको थियो । सोही घोषणापत्रको आधारमा सबै जिल्ला सरकारी वकील कार्यालयहरुलाई लगातार सुनुवाई गर्ने सम्बन्धी परिपत्र गरिएको थियो । हाल मुलुकी अपराध (संहिता) ऐन, २०७४ समेतका नयाँ कानूनहरु कार्यान्वयन भएको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ र यसको अनुसूची ३० ले जबरजस्ती करणी सम्बन्धी कसूर, भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर, गर्भ संरक्षण विरुद्धको कसूर, व्यक्ति वेपत्ता पार्ने सम्बन्धी कसूर, अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर तथा सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका कसूर लगातार कारवाही र सुनुवाई गरी किनारा गर्नु पर्ने भन्ने व्यवस्था गरेको हुँदा उक्त व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन नेपाल प्रहरी तथा सम्पूर्ण सरकारी वकील कार्यालयहरुलाई लेखी पठाउने र प्रस्तुत निर्णयको जानकारी श्री सर्वोच्च अदालत समेतलाई गराउने ।